लिखु तामाकोशी गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

## धोबीबजार, रामेछाप

बागमती प्रदेश, नेपाल

# कृषि तथा पशु सेवा प्राविधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०६/२९**

लिखु तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०७७/०६/१८ गतेको नियमित बैठकको निर्णयानुसार स्वीकृत **लिखु तामाकोशी गाउँपालिकामा करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ३** बमोजिम यस लिखु तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, धोबीबजार, रामेछापका लागि देहाय बमोजिमको पदमा करार पदपूर्ति गर्नु पर्ने भएकाले व्यक्तिगत विवरण (CV), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्ताको प्रमाणपत्र तथा अन्य आवश्यक (कार्य अनुभव भए सो समेत) कागजातहरुको प्रतिलिपिहरु संलग्न राखी इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीसौं) औं दिन २०७७/०७/२८ गते कार्यालय समयभित्र तपसिल बमोजिमका शर्तहरु तथा बन्देजहरुको अधीनमा रही रीतपूर्वकको आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद/तह/श्रेणी | न्यूनतम शैक्षिक योग्यता | पद सङ्ख्या | तलब सुविधा | दरखास्त बुझाउने अन्तिम मिति | दरखास्त दस्तुर | परीक्षा मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०८/२०७७/०७८ | **कृषि अधिकृत** (नेपाल कृषि सेवा, कृषि प्राविधिक समूह, छैठौं तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा बीएस्सी एजी. वा सो सरह उत्तीर्ण गरी प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.१,०००।- | २०७७/०८/०९ |
| २. | ०९/२०७७/०७८ | प्रा.स. (नेपाल | मान्यता प्राप्त शिक्षण संस्थाबाट | १ (एक) | नेपाल | २०७७/०७/२८ | रु.६००।- | २०७७/०८/०९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कृषि सेवा, कृषि प्राविधिक समूह, सहायक पाँचौं तह वा सो सरह) | सम्बन्धित विषयमा आइ.एस्सी.एजी. वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | | सरकारको प्रचलित तलब स्केल बमोजिम | | | |
| ३. | १०/२०७७/०७८ | ना.प्रा.स. ( नेपाल कृषि सेवा, कृषि प्राविधिक समूह, सहाायक चौथो तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आइ.एस्सी.एजी. वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.६००।- | २०७७/०८/०९ |
| ४. | ११/२०७७/०७८ | प्रा.स. (नेपाल कृषि सेवा, पशु प्राविधिक समूह, सहायक पाँचौं तह वा सो | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञापन विषयमा आइ.एस्सी.एजी. वा जे.टि/भेट कोर्ष वा डिप्लोमा वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | २ (दुई) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.६००।- | २०७७/०८/०९ |

# लिखु तामाकोशी गाँउपालिका
# गाँउकार्यपालिकाको कार्यालय
## धोबीबजार, रामेछाप
बागमती प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सरह) | | | | | | |
| ५. | १२/२०७७/०७८ | ना.प्रा.स. ( नेपाल पशु सेवा, पशु प्राविधिक समूह, सहायक चौथो तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) विषयमा एक वर्षको तालिम प्राप्त गरेको वा पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) विषयमा टि.एस.एल.सी., जे.टि.ए. कोर्ष वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.६००।- | २०७७/०८/०९ |
| ६. | १३/२०७७/०७८ | कार्यालय सहयोगी श्रेणीविहीन | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु.५००।- | २०७७/०८/०९ |

**शर्तहरुः**

**१. करार अवधि :** प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ति नहुँदासम्म वा २०७८ आषाढ मसान्तसम्म (अन्यथा नियमानुसार करार अवधि थप हुन सक्ने)

**२. दरखास्त पेश गर्ने तरिका :** माथि उल्लेखित आवश्यक कागज पत्रहरु साथै लोकसेवा आयोगको वेभसाइट www.psc.gov.np को डाउनलोड ट्याबबाट दरखास्त फारामहरु डाउनलोड गरी प्रिन्ट गरी २ प्रति फोटो टाँस्ने र यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट बैंक लि., लिखु तामाकोशी शाखा, धोबीबजार, रामेछाप शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०७००१४००२५००१६ मा वा नेपालभर जहाँ तहींबाटको बैंकशाखाबाट उक्त खाता नं. मा आवेदन दस्तुर जम्मा

लिखु तामाकोशी गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

## धोबीबजार, रामेछाप

बागमती प्रदेश, नेपाल

गरेको सक्कलै भौचर समेत संलग्न राखी अन्तिम मिति २०७७/०७/२८ गते कार्यालय समय सम्ममा कार्यालयमा आइ पुग्ने गरी यसै गाउँपालिकाको अफिसियल इमेल ito.likhuramechhapmun@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिन सकिनेछ ।

३. **परीक्षाको किसिम :** लिखित र अन्तरवार्ता

४. **परीक्षा केन्द्र :** लिखु तामाकोशी गाउँकार्यपालिकाको कार्यालय, धोबीबजार, रामेछाप ।

५. **उम्मेदवारको उमेरको हद :** २०७७/०७/२८ गतेसम्म अधिकृत स्तरको पदको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष (पुरुष उम्मेदवारको हकमा) तथा २१ वर्ष पूरा भई ४० वर्ष (महिला उम्मेदवारको हकमा) ननाघेको र अन्य तहको पदको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष (पुरुष उम्मेदवारको हकमा) तथा १८ वर्ष पूरा भई ४० वर्ष (महिला उम्मेदवारको हकमा) ननाघेको हुनु पर्नेछ ।

६. **पदमा रही काम गर्नु पर्ने विवरण र काम गर्नु पर्ने स्थान :** प्रचलित कानुन बमोजिमको सेवा, समूह सम्बन्धी र गाउँपालिकाले तोके बमोजिम ।

७. **उम्मेदवार छनौटका आधारहरु :** लोकसेवा आयोगको पाठ्यक्रम र मापदण्ड बमोजिम लिखित र अन्तरवार्ता ।

८. **अन्तरवार्ता हुने मिति :** लिखित परीक्षाको नतिजा प्रकाशन पश्चात कार्यालयले अन्तरवार्ता हुने मिति, समय र स्थान तोक्नेछ ।

९. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको, रीतपूर्वक नभएको (सम्बन्धित परिषद्मा दर्ता नभएको वा नवीकरण नभएको) वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त उपर कुनै कारबाही हुने छैन वा स्वीकृत गरिने छैन ।

१०. **पाठ्यक्रम :** लोकसेवा आयोगको Website : www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

११. कम्तिमा दुई पाङ्ग्रे सवारी साधन (मोटरसाइकल) र कम्प्युटर सम्बन्धी ज्ञान सीप भएको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।

१२. सूचनामा उल्लेख भएको विषयहरु बाहेक अन्य विषयहरुको हकमा पदपूर्ति/छनौट तथा सिफारिस समितिमा सम्पूर्ण अधिकार निहीत रहनेछ । साथै अन्य केही कुरा बुझ्नु परेमा तथा दरखास्त दिएका उम्मेदवारहरुले दरखास्त दिए पश्चात् निरन्तर सम्पर्कमा रहन कार्यालय समयभित्र ९८४००३१५३९ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**